**नेपाल सरकार**

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**प्रेस विज्ञप्ति**

आज मिति २०७४ पौष ९ गते माननीय संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्री श्री जनकराज चौधरीज्यूको अध्यक्षतामा आ.व. २०७४/७५ को प्रथम चौमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो । बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. सुनिलबाबु श्रेष्ठ, मन्त्रालयका सचिव श्री दिनेश कुमार थपलिया, सह–सचिवज्युहरु, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका महानिर्देशकज्यू, केन्द्रीय पञ्जिकरण विभागका निमित्त महानिर्देशकज्यू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयका प्रतिनिधि, कार्यक्रम/आयोजनाका प्रमुख, अन्य कर्मचारीहरु र विभिन्न सञ्चार माध्यमका सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा माननीय राज्यमन्त्रीज्यूले यस चौमासिकमा झेल्नु परेको विभिन्न समस्याका कारणले पनि प्रगति सन्तोषजनक हुन नसकेको स्वीकार गर्दै आगामी दिनमा कार्यसम्पादनलाई थप प्रभावकारी बनाई अझ जिम्मेवार र क्रियाशील रही लक्ष्य प्राप्ति तर्फ प्रयत्नशील रहन निर्देशन दिनुभयो । यसै क्रममा राष्ट्रिय योजना आयोगका मा. सदस्यज्यूबाट विभिन्न समस्याका कारण मन्त्रालयले हासिल गरेको वित्तीय प्रगति न्यून रहेको धारणा राख्दै स्थानीय स्तरमा कृषि, पूर्वाधार, पर्यटन, शहरी विकास जस्ता क्षेत्रहरु समेटी एकीकृत विकासको मोडेलमा जोड दिनु पर्ने बताउनु भयो । चौधौं योजनाको पहिलो वर्षमा ७ प्रतिशतको आर्थिक बृद्धि गरी इतिहासमै उल्लेखनीय उपलब्धी हाशिल गरिएको भन्दै वहांले आगामी वर्षमा पनि यही गतिमा प्रगति गर्न सकिएमा दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न सकिने बताउनु भयो । यसैगरी मन्त्रालयका सचिवज्यूबाट प्रथम चौमासिक अवधि हालै मुलुकमा सम्पन्न निर्वाचनमा केन्द्रित रहेको हुंदा कार्यान्वयनको तहमा भन्दा व्यवस्थापनकै क्षेत्रमा समय खर्चिनु परेका कारण प्रगति सन्तोषजनक हुन नसकेता पनि निराशआजनक नरहेको बताउनु भयो । केन्द्रीकृत मानसिकता, विषयगत ऐनहरुको उच्चता, जनशक्ति व्यवस्थापनका कठिनाई जस्ता कारणले स्थानीय सरकार संचालन ऐन कार्यान्वयन प्रभावकारी बन्न नसकेको र विषयगत क्षेत्रको व्यवस्थापन अझ चुनौतीपूर्ण देखिएको भन्दै स्थानीय तहमा क्षमता अभिबृद्धिका नाममा जथाभावी तालिम दिने गरेको पाइएबाट भ्रम सृजना हुनेहुंदा एकद्वार प्रणालीबाट जानु आवश्यक रहेको बतु\उनु भयो । स्थानीय तहले प्राविधिक जनशक्ति प्रतिष्पर्धाको आधारमा र अन्य कर्मचारी लोकसेवा आयोगको सिफारिसको अस्थाई सुचीमा रहेका मध्येबाट लिनेगरी काममा लगाउन पहल गर्नु पर्नेमा जोड दिंदै वहांले पूरक बजेट मार्फत विगत बहुवर्षीय योजनामा स्वीकृत भएर काम शुरु गरी भुक्तानी बांकि रहेका विषयहरु सम्बोधन गर्न सकिने बताउनु भयो । स्थानीय तहलाई प्रविधिमैत्री बनाउने, सडक यातायात नपुगेका स्थानीय तहका सदरमुकाममा २ वर्षभित्रमा यातायात सेवा पुर्याउने सोच रहेको बताउनु भयो । साथै वहांले सबै कर्मचारीलाई आफ्नो कार्य विवरणबाट निर्देशित भई कार्य गर्न समेत निर्देशन दिनुभयो । यस अवधिमा मन्त्रालयबाट स्थानीय तहसंग सम्बन्धित बिभिन्न नमूना कानूनहरु बनाइएको उल्लेख गर्नुभयो ।

उक्त अवसरमा मन्त्रालयका तर्फबाट अनुगमन महाशाखा प्रमुख वेदबहादुर कार्कीज्यू बाट मन्त्रालय र अन्तर्गतका निकायहरुमा प्रथम चौमासिकमा सम्पादित कार्यक्रम तथा आयोजनाहरुको समग्र प्रगतिको प्रस्तुतीकरण भएको थियो | आ.व. २०७४।७५ को प्रथम चौमासिक लागि विनियोजित बजेट रु ८२,४५,३९,९३,०००।— मध्ये रु.१२,५३,५५,६४,०००।— खर्च भई जम्मा १५.०२ प्रतिशत खर्च भएको छ | साथै स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र केन्द्रीय पञ्जिकरण विभागका महानिर्देशकज्यूहरुले आ–आफ्नो विभाग अन्तर्गत कार्यक्रम/आयोजनाहरुको वित्तीय एवं भौतिक प्रगति र कार्यक्रम/आयोजनाहरुको कार्यान्वयनमा आइपरेका प्रमुख समस्या समेत प्रस्तुत गर्नु भएको थियो ।

मिति २०७४।०९।०९

जानुका सुवेदी
उप–सचिव एंव सह- प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय